मिति २०८३/३/३१ गते तदअनुसार ने.सं. ११४६ दिल्लाथ्व प्रतिपदा बुधबार बिहान ९:०० बजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील वमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १६५ औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| [illegible] | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| [illegible] | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री बालकृष्ण रोक्का | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

बैठक संख्याः-१६५

मितिः-२०८३/३/३१

नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु

१.गत बैठकको समिक्षा।

२.नगर सभाको पहिलो बैठकमा प्रस्तुत आ.व. २०८३/८४ को आय व्यय (वजेट) सभामा पेश गर्ने सम्बन्धमा।

३.नगर सभाको पहिलो बैठकमा प्रस्तुत आ.व. २०८३/८४ को संशोधन सहितको विनियोजन विधेयक २०८३ सभामा पेश गर्ने सम्बन्धमा।

४.नगर सभाको पहिलो बैठकमा प्रस्तुत आ.व. २०८३/८४ को संशोधन सहितको आर्थिक विधेयक २०८३ सभामा पेश गर्ने सम्बन्धमा।

५.पाँचखाल नगरपालिका खानेपानी तथा सरसफाई बोर्ड २०८३ विधेयक सभामा पेश गर्ने सम्बन्धमा।

६.पाँचखाल नगरपालिका नगर प्रहरी ऐन(पहिलो संशोधन) विधेयक २०८३, सभामा पेश गर्ने सम्बन्धमा।

७.सेवा करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा।

८.पाँचखाल नगर १० वर्षे शिक्षा योजना २०८३, स्वीकृती सम्बन्धमा।

९.क्यान्टीन सञ्चालन सम्झौता नविकरण सम्बन्धमा।

१०.विज्ञापन करको सूचना सम्बन्धमा।

११.कार्यपालिका बैठक निर्णयबाट सम्पादन भएका र विषयगत समिति तथा शाखाहरुबाट उठान भई कार्यालय प्रमुखबाट सम्पादन भएका कार्यक्रमहरुको अनुमोदन सम्बन्धमा।

१२.समामजकल्याण चोक देखि नगरपालिका कार्यालयसम्म सडक स्तरोन्नती सम्बन्धमा।

बैठक संख्या १६५

मिति २०८३/३/३१

नगरकार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्बन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

निर्णय नं. २

मिति २०८३/०३/१० को नगर सभाबाट छलफलका लागि कार्यपालिकामा प्राप्त आ.व. २०८२/८३ को अनुमानीत आय व्यय(वजेट) मा बृहत छलफल गरी संशोधन सहितको वजेट पाँचखाल नगरपालिकाको १९औं सभाको दोस्रो बैठकमा स्विकृतीका लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ३

आ.व. २०८२/८३ को लागि पाँचखाल नगरपालिकाको विनियोजन विधेयक २०८३ माथी छलफल गरी संशोधन सहित स्वीकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४

आ.व. २०८२/८३ को लागि पाँचखाल नगरपालिकाको आर्थिक विधेयक २०८३ माथी छलफल गरी संशोधन सहित स्वीकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ५

पाँचखाल नगरपालिका खानेपानी तथा सरसफाई बोर्ड २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ६

पाँचखाल नगरपालिका नगर प्रहरी ऐन (पहिलो संशोधन) विधेयक २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ७

यस पालिका र पालिका अन्तर्गत शाखा तथा कार्यालयमा सेवा करार र ज्यालादारीमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई आ.व. २०८३/८४ को लागि करार सेवा थप गर्ने निर्णय गरियो।

निर्णय नं. ८

पाँचखाल नगरपालिका शिक्षा तथा खेलकुद शाखाबाट प्राप्त १० वर्षे पाँचखाल नगर शिक्षा योजना (२०८२/८३-२०९१/९२) २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ९

पाँचखाल नगरपालिका हाता भित्र संचालित चमेना गृह(क्यान्टिन) आ.व. २०८३/८४ को लागि पनि बोल कबोल अंकमा १०% ले बृद्धी हुने गरी संचालनका लागि पुर्व संचालकको सम्झौता नविकरण गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

निर्णय नं. १०

पाँचखाल नगरपालिका राजश्व परामर्श समितिको सिफारिस बमोजिम चालु आ.व. मा भएको ठेक्का सम्झौता रकममा १०% बृद्धि गरि न्यूनतम ठेक्का अंक कायम गरी २ आ.व.को लागि विज्ञापन करको सूचना प्रकाशीत गर्ने निर्णय गरियो।

निर्णय नं. ११

आ.व. २०८३/८४ मा कार्यपालिका वैठकवाट निर्णय भएका र शाखाहरुबाट कार्यालय प्रमुखको हैसियतले सम्पादन गरिएका सम्पूर्ण कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १२

पाँचखल नगरपालिका वडा नं ४ समाजकल्याण चोक देखि नगरपालिका कार्यालयसम्मको सडक नापी नक्सा वमोजिम सार्वजनिक जग्गामा निर्माण भएका संरचनाहरु हटाई सडक स्तरोन्नती गर्ने निर्णय गरियो।

निर्णय नं. १३

नगरपालिकावाट नक्सा पास नगराई हालसम्म निर्माण भएका घर तथा संरचनाहरु मिति २०८३ पौस मसान्तसम्म अभिलेखीकरण गर्न निवेदन दिएमा त्यस्ता घर/संरचनाले सार्वजनिक बाटो, सार्वजनिक जग्गा र अरु कसैको हक भोगको जग्गा मिचि निर्माण नभएको पाईएमा नक्सापासको लागि लाग्ने दस्तुर मात्र लिई जरिवाना छुट गरी एकपटकको लागि अभिलेखीकरण गर्ने र सो को लागि कार्यालयबाट सूचना प्रकाशन गर्ने निर्णय गरियो।

*( बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैंपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।)*